annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १६६, पृष्ठ ८ | काठमाडौं, आइतबार २ कात्तिक २०८२ | कार्तिक कृष्णपक्ष त्रयोदशी, नेपाल संवत् ११४५ | SUNDAY, OCTOBER 19, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## निष्पक्ष निर्वाचन हुन्छ भन्ने विश्वास दिलाउन सरकारलाई राष्ट्रपतिको निर्देशन



**अन्नपूर्ण** (काठमाडौं) : राष्ट्रपति रामचन्द्र पौडेलले भयरहित वातावरण स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन हुन्छ भन्ने विश्वास राजनीतिक दल र आम नागरिकलाई गराउन सरकार र सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिएका छन्।


राष्ट्रपति भवन शीतल निवासमा शनिबार अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरू समेतको सहभागितामा भएको छलफलमा चारै सुरक्षा निकायका प्रमुखलाई पौडेलले निर्देशन दिएका हुन्।

उनले शान्ति सुरक्षा कायम गर्न र भयरहित वातावरणमा निर्वाचन गराउन सुरक्षा निकायहरूले 'बोल्ड्ली' रूपमा प्रस्तुत हुन पनि निर्देशन दिएको राष्ट्रपतिका प्रेस सल्लाहाकार किरण पोखरेलले जानकारी दिए। राष्ट्रपति पौडेलले गत भदौ २४ गते लुटिएका हतियार र भागेका कैदीबन्दी सबैलाई अबिलम्ब फिर्ता गर्न पनि आग्रह गरे।

अन्तरिम सरकारमा प्रधानमन्त्री कार्कीले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा चुनाव गराउन सरकारले कुनै कसुर बाँकी नराख्ने बताइन्। उनले पूर्ण तयारीसाथ लाग्न र सुरक्षा निकायलाई चाहिने सम्पूर्ण साधन स्रोत सरकारले उपलब्ध गराउने बताइन्। सुरक्षा निकायका प्रमुखहरूले शान्ति सुरक्षा कायम गर्ने र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सुरक्षा निकाय सक्षम रहेको राष्ट्रपति पौडेललाई विश्वास दिलाए। उनीहरूले योभन्दा कठिन परिस्थितिमा पनि विगतमा शान्तिपूर्वक निर्वाचन सम्पन्न गराएको स्मरण गराउँदै सुरक्षा निकाय सम्पूर्ण रूपले निर्वाचनका लागि तयार रहेको पनि बताएका थिए।

कभर स्टोरी

# स्वदेशी फूलले सजियो नेपाल




*स्रोत : भन्सार विभाग तथा व्यापार र निर्यात प्रवर्द्धन केन्द्र*

यो तिहारमा ४० करोड रुपैयाँ बराबरको फूल कारोबार हुने अनुमान गरिएको छ। फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान) का अनुसार यसपालि मखमली र सयपत्रीको माग उच्च छ। मखमली र गोदावरीमा भने नेपाल पूर्ण आत्मनिर्भर भइसकेको छ। सयपत्रीमा पनि ९० प्रतिशत आत्मनिर्भरता हासिल गरिएको दाबी व्यवसायीहरूको छ। भित्रिने छिटफुट फूलबाहेक अब तिहारको सुगन्ध स्वदेशी बगैंचाबाटै फैलिने भएको छ।

**ममता थापा** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

## अमेरिकाबाट खाली हात फर्किए जेलेन्स्की



**वासिङ्टन डीसी** (एजेन्सी) : युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको भेटलाई 'स्पष्ट' भने पनि यो यात्राबाट उनी अपेक्षित नतिजा लिन असफल भएका छन् । जेलेन्स्कीको टोली उच्च आशाका साथ अमेरिकामा पुगेको थियो । तर ट्रम्प-पुटिन फोन वार्तापछि उनीहरूको उत्साह झन् घटेको छ ।

यूक्रेनका संसद् अध्यक्ष रस्लान स्टेफान्चुकले भेटअघि यसलाई 'इतिहासमा महत्वपूर्ण क्षण' भन्दै अमेरिकी टामहक मिसाइल प्रयोगको अनुमति नजिकै रहेको संकेत गरेका थिए। तर, भेटका क्रममा ट्रम्पले युद्धलाई दुई नेताबीचको व्यक्तिगत विवाद जस्तै व्याख्या गर्दै 'धेरै खराब रगत' रहेको बताए। र, दुवै पक्षलाई मोर्चामा स्थिर रहँदै घर फर्किन सुझाव दिए।

जेलेन्स्कीले पुटिनको इमानदारीमा विश्वास नरहेको स्पष्ट पारे। यद्यपि, अमेरिकी सुरक्षा ग्यारेन्टी र टामहक मिसाइलको माग पूरा भएन। यसले यूक्रेनका लागि खालीहात यात्रा सकिएको देखायो।

यूक्रेन र उसका सहयोगीहरूका लागि युद्ध व्यक्तिगत विवाद नभई आक्रामक रुससँगको संघर्ष हो। रुसबाट संघर्ष निरन्तर रहने संकेत पाएपछि यूक्रेनी टोलीमा निराशा देखिएको छ। अन्तर्राष्ट्रिय विश्लेषकहरू भन्छन्, 'यो भेटले यूक्रेनको मागलाई पूर्ण समर्थन पाएको संकेत दिएको छैन। त्यसले कूटनीतिक रणनीतिमा थप चुनौती थपेको छ।'

जेलेन्स्कीले अमेरिकामा आफ्नो प्रयास जारी राख्ने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले भनेका छन्, 'हामीले पाएको प्रतिक्रिया निराशाजनक भए पनि हाम्रो उद्देश्य स्पष्ट छ- रुसलाई दबाब दिई स्थायी शान्ति स्थापना गर्नु।'

